# भरतपुर उप-महानगरपालिका कार्यालय

## भरतपुर, चितवन

## सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार नगरको फोहरमैला ब्यवस्थापन तथा सेवा शुल्क सङ्कलन सम्बन्धी

# बोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७३/०३/१३)

सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार यस भरतपुर उप-महानगरपालिकाको वडा नं. १ देखि १२ सम्मको घरदैलो, पसल, कार्यालय बाट निस्कने फोहर, सडक सफाई र सार्वजनिक स्थलको सफाई बाट निस्कने फोहरको संकलन, ढुवानी र विसर्जन तथा सेवा शुल्क उठाई उप-महानगरपालिकाको खातामा जम्मा गर्ने कार्य आ.व. २०७३/०७४ देखि आ.व. २०७६/०७७ (चार वर्ष) को लागि निजी साझेदारहरू छनौट गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरूबाट यो सूचना र वोलपत्र फाराममा उल्लेखित शर्तका अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

**<u>शर्तहरु:-</u>**

१.बोलपत्र सम्बन्धी कागजातको सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र चालु आ.व.को लागि नवीकरण गरेको इजाजत पत्र, आयकर दर्ता पमाण पत्र एवं मु.अ.कर (भ्याट) दर्ता प्र.पत्र, आन्तरिक राजस्व विभाग बाट प्राप्त कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी (नोटरी पब्लिकबाट प्रमाणित ) संलग्न राखि निवेदन साथ रु ३०००।- (तीनहजार रुपैया) दस्तुर (फिर्ता नहुने) तिरी यस भरतपुर उप-महानगरपालिका कार्यालयको वाताबरण शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन (मिति २०७३/०४/१२) दिनको १२ वजेभित्र यस भरतपुर उप-महानगरपालिकाको कार्यालयको नाममा सम्बोधन गरि खामको बाहिर " शिलबन्दी फोहरमैला ब्यवस्थापन तथा सेवा शुल्क सङ्कलन को लागि साझेदार छनौटको वोलपत्र " भनी पेश गर्ने फर्म वा कम्पनीको नाम र ठेगाना स्पष्ट लेखी छाप लगाई शिलछाप गरी यस कार्यालयमा दर्ता गराउनु पर्ने छ । अन्यथा बोलपत्र मान्य हुने छैन । साथै सोही दिन दिनको २:०० वजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोलिनेछ । बोलपत्र दाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

३. बोलपत्र खरिद गर्ने दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. बोलपत्र साथ बोलपत्र दाताले आफुले कवोल गरेको पहिलो आ.व.को कुल रकमको ५ (पांच) प्रतिशतले हुनआउने रकम बोलपत्र जमानत (बीड वण्ड) वापत यस भरतपुर उप-महानगरपालिका कार्यालयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैक, भरतपुरको धरौटी खाता नं. ग-३/०२ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको पक्षबाट बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट न्युनतम १२० दिन म्याद राखि जारी गरिएको "क"श्रेणीको वाणिज्य बैंकको जमानी पत्र (विडवण्ड) संलग्न हुनु पर्नेछ ।

५. स्वीकृत बोलपत्र दाताले सम्झौता गर्नु पुर्व कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) वापत सम्बन्धित आ.व.को स्वीकृत कवोल अंकको ५ (पांच) प्रतिशतले हुन आउने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षमा जारी गरिएको "क" श्रेणीको वाणिज्य बैंकको जमानी पत्र पेश गर्नु पर्नेछ । यसरी नै प्रत्येक आ.व.को लागि कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड)को नवीकरण गर्नु पर्नेछ ।

६. बोलपत्र दाताले बोलपत्र पेश गर्दा प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा राखी गोप्य रूपमा शिलवन्दी गरी पेश गर्नु पर्नेछ । यस बाहेक अन्य तरिका बाट पेश हुन आएको बोलपत्र मान्यहुने छैन । प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्र दाताहरूको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

७. बोलपत्र दाताहरूले दुवै प्याकेजका लागि छुट्टाछुट्टै बोलपत्र पेश गर्न सक्नेछन् । तर, पहिलो प्याकेजको बोलपत्र मूल्याङ्कन गरी साझेदारको छनौट भएपछि मात्र दोश्रो प्याकेजको बोलपत्रको मूल्याङ्कनको प्रक्रिया अगाडि बढाइनेछ । पहिलो प्याकेजमा छनौट हुने बोलपत्र दाताले यदि दोश्रो प्याकेजको लागि पनि बोलपत्र पेश गरेको भए सो बोलपत्र मूल्याङ्कन प्रकृयामा समावेश गरिने छैन । यस बुँदाको मुख्य आशय दुई वटा प्याकेजमा अलग अलग साझेदार छनौट गर्नु रहेको छ ।

८. बोलपत्र फारम भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ। केरमेट भएको ठाउँमा सही छाप हुनु पर्नेछ। रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन। प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

९. बोलपत्र सम्बन्धी विस्तृत छलफलका लागि सूचना प्रकाशित भएको मितिको २१ औ (२०७३/०४/०२) दिन वा उक्त दिन सार्वजनिक विदा परेको खण्डमा लगत्तै कार्यालय खुलेको दिन ठिक १:०० वजे Pre-bid Meeting राखिनेछ।

१०. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४, सार्वजनिक खरीद ऐन, २०६३ नियमावली, २०६४, सा. नि.सा. कार्यविधि, निर्देशिका एवं प्रचलित कानून बमोजिम हुनेछ।

११. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ साथै यो सूचना भरतपुर उप-महानगरपालिकाको वेवसाईट www.bharatpurmun.org.np बाट समेत Download गरी हेर्न सकिने छ।

| बोलपत्र नं. | कामको विवरण | प्याकेज | धरौटी रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १४/०७२/०७३<br>वातावरण | सार्वजनिकनिजी साझेदारी अवधारणाअनुसार नगरको फोहरमैलाव्यवस्थापन तथा सेवाशुल्क संकलन | प्याकेज १:<br>(वडा नं १ देखि ६ सम्म) | आफुले कबोल गरेको पहिलो आ.व.को रकमको ५ (पाँच) प्रतिशत | रु. ३,०००।०० | |
| १५/०७२/०७३<br>वातावरण | सार्वजनिकनिजी साझेदारी अवधारणाअनुसार नगरको फोहरमैलाव्यवस्थापनतथा सेवाशुल्क संकलन | प्याकेज २:<br>(वडा नं. ७ देखि १२ सम्म) | आफुले कबोल गरेको पहिलो आ.व.को रकमको ५ (पाँच) प्रतिशत | रु. ३,०००।०० | |